# जिल्ला समन्वय समिति तथा मातहतका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिवेदन २०७४/७५




## जिल्ला समन्वय समितिको कार्यालय
## दार्चुला

# बिषय सुचि


**बिषय वस्तु** **पेज नं.**

सार संक्षेप (Executive Summary)....3

परिच्छेद-१- परिचय....6

१.१ दार्चुला जिल्लाको परिचय .... 6

परिच्छेद-२- भूमिका....10

२.१ प्रतिवेदनको पृष्ठभूमि.... 10

२.२ जिससको क्षमता अभिबृद्धि सम्बन्धि क्रियाकलाप .... 12

२.२.१ रणनितिक व्यवस्थापन .... 12

२.२.३ गुनासो अभिलेख व्यवस्थापन .... 14

२.२. ४ सुचना अभिलेख केन्द्र तथा बैठक व्यवस्थापन.... 14

२.२.५ लेखा तथा आर्थिक व्यावस्थापन.... 15

२.२.६ योजना अभिलेख व्यवस्थापन तथा कार्यक्रमहरु .... 16

२.२.७ सम्पादन गरेको कामको विवरण .... 16

२.२.८ तोकिएका अन्य कार्यहरु.... 17

परिच्छेद -३- प्रगति विवरण....18

३.१ जिसस र अर्न्तगत संचालित विभिन्न कार्यक्रमहरुको एकिकृत प्रगति विवरण.... 18

३.२ आन्तरिक आय तर्फराजश्व बाँडफाड सहितको प्रगति .... 19

परिच्छेद (४) विविध....20

४.१ अनुगमन सुपरिवेक्षण.... 20

४.२ स्थानीय विकास कोष .... 20

४.३ समन्वय र सम्बन्ध .... 20

४.४ उल्लेख्य कार्यहरु .... 20

४.५ समस्या र चुनौतीहरु :.... 21

अनुसुचि १ एकिकृत प्रतिवेदन .... 22

# सार संक्षेप (Executive Summary)

नेपालको संविधानको धारा ५६ उपधारा ४ बमोोजिम तीन वटा स्थानीय तह हुने व्यवस्था अनुसार संविधानको धारा २२० ले जिल्ला सभा र जिल्ला समन्वय समितिकोको संरचना तयार गरिएको छ । संविधानको धारा २२० उपधारा ७ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा ९२ मा उल्लेखित काम कर्तव्य र अधिकारहरुको कार्य सम्पादन गर्न जिल्लामा जिल्ला समन्य समिति र जिल्ला समन्वय समितिको कार्यालय रहने व्यवस्था गरिएको छ ।

नेपालको संविधानबाट प्रदत्त काम कर्तव्य र अधिकार अन्तरगत जिल्ला समन्वय समितिले विकास निर्माण तथा क्षमता अभिबृद्धि लागयतका कार्य सम्पादन गर्न संघीय सरकार, प्रदेश सरकार, नगरपालीका, गाउँपालीका तथा अन्य सरकारी कार्यालयहरु बीच समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने प्रकृति रहेकोछ । साथै संघीय सरकार, प्रदेश सरकार, नगरपालीका, गाउँपालीका तथा अन्य सरकारी कार्यालयहरुबाट सम्पादित विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न अनुगमन गरी पृष्ठपोषण गर्ने तथा नियमन गर्ने समेत जिल्ला समन्वय समितिको भूमिका रहेकोछ ।

जिल्लाको समग्र विकासको लागि साविक जिल्ला विकास समितिले योजना निर्माता, कार्यान्वयनकर्ता, सहजकर्ता नीति निर्माता, नियमक, समन्वयकर्ता र निर्देशकको भूमिका निर्वाह गर्नु पर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था गरेको छ ।

सोका अतिरिक्त साबिक जिल्ला विकास समितिका केहि बिकास निर्माण सम्बन्धि क्रियाकलापहरु संचालन गर्न संघीय सरकारबाट जिम्मेवारी दिईएकोछ उक्त जिम्मेवारी बमोजिम तयार भएको नीति अनुसार बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा नेपाल सरकार वा दातृ निकायबाट प्राप्त निर्देशन अनुसार कार्यान्वयन गर्दा कार्यक्रम तर्जुमा गर्दा लिईएको लक्ष्य प्राप्ति भएको वा नभएको, उपलब्धि भए नभएको विवरण स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम ६० उप नियम (१) खण्ड (क,व) प्रावधान अनुरुप जिसस भित्रबाट कार्यान्वयनमा रहेका प्रत्येक क्रियाकलापहरुको प्रत्येक आर्थिक वर्षमा मासिक चौमासिक र बार्षिक प्रगति प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायमा पेश गर्नु पर्ने व्यवस्था रहे अनुरुप आर्थिक वर्ष २०७४/७५ को अवधिमा जि.स.स.दार्चुला अन्तरगत कार्यान्वयनमा रहेका विकासका क्रियाकलापहरुको छुट्टा छुट्टै तयार गरिएका लक्ष्य प्रगतिको समष्ठीगत प्रतिवेदन समेत तयार गरी सम्बन्धित निकायमा पेश गर्न जिससको समष्ठीगत प्रतिवेदन तयार प्रतिवेदन तयार गरिएको छ ।

जिल्ला सभाको निर्देशनमा रहि राजनैतिक दल नागरिक समाज सहितको परामर्श बैठक, जिल्ला समन्वय समिति दार्चुलाको बैठक, कर्मचारीहरुको समेत नियमित बैठक बसी कार्य सम्पादन प्रभावकारी बनाउने व्यवस्था मिलाईएकोछ ।

जिल्ला समन्वय समिति दार्चुला अन्तरगतका विभिन्न क्रियाकलापहरुको पारदर्शिताको लागि सुचना प्रवाह गर्न सुचना तथा अभिलेख केन्द्रको व्यवस्थापन गरिएकोछ । जिल्ला समन्वय समिति दार्चुलाको Website तयार गरी अध्यावधिक गर्ने कार्य गरिएकोछ, GIS Software बाट तथ्यांक अध्यावधिक गर्ने प्रक्रिया शुरु गरिएको छ, Oricle Software (DDCFAMP) को माध्यमबाट कम्प्युटराईज्ड लेखा प्रणाली व्यवस्थापन गरिएकोछ । जिल्ला समन्वय समिति तथा अन्तगरगतका कार्यक्रमहरुमा पेश्की बरुजुको फछ्र्यौट गर्ने प्रक्रियालाई दुरुस्त बनाईएको छ ।

आ. ब. २०७४/७५ मा जिल्ला समन्वय समिति अन्तर ग्रामीण सामुदायिक पुर्वाधार विकास कार्यक्रम (RCIW), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), दुर्गम क्षेत्र विकास समितिको कार्यक्रम, गरीब संग विश्वेश्वर कार्यक्रम, भारतीय राजदुतावास अन्तरगतको कार्यक्रमहरु लगायत अन्य विकास निर्माणका तथा आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरी निर्धारित लक्ष अनुसार प्रगति हासिल भएको छ, ।

सरसफाई तथा खुल्ला दिसा मुक्त अभियान अन्तरगत दार्चुला जिल्लाका देशका ७७ जिल्ला जिल्ला मध्ये ५२ औ जिल्ला खुला दिसा मुक्त जिल्लाको रुपमा ODF जिल्ला घोषणा भएकोछ ।

## नक्शाहरु




दार्चुलामा जलस्रोत संजाल
10 0 10 20 30 40 km


Landuse Type in Darchula District
N
LANDUSE
Coniferous Forest (All Type)
Grazing Land (All Type)
Hardwood Forest (All Type)
Level Terraces (All Type)
Mixed Forest (All Type)
Permanent Snow and Ice
Protected Hardwood Forest (All Type)
Rocks \ Rocks Outcrop
Sand/ Gravel / Boulder
Shrub
Slopping Terraces (All Type)
Valley Cultivation
10 0 10 20 Kilometers
Source: Land Utilization Map, LRMP Project, Department of Survey, HMG of Nepal (1978-82)

# परिच्छेद-१- परिचय

## १.१ दार्चुला जिल्लाको परिचय

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत महाकाली अञ्चलका ४ जिल्ला मध्ये छुट्टै महत्व रहेको यो जिल्ला एशियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनको सिमानासंग जोडिएको दार्चुला जिल्लाको नाम दार्चुला कसरी रहन गयो भन्ने सम्बन्धमा कुनै लिखित प्रमाण प्राप्त नभएतापनि विभिन्न किबंदन्तिहरु सुन्न पाईन्छन् । दार्चुला शव्द उच्चारण गर्दा दारचूला भए पनि स्थानीय भाषाको दुईवटा शव्द धार र चूला वाट विकसित भएको हो । स्थानीय भाषामा धारको अर्थ पहाडको अग्लो चुचुरो र चुलाको अर्थ चुल्हो हुन्छ ।यस भेगमा खान पकाउन प्रयोग गरीने चुल्होहरु प्रायः एक समानका तिन वटा ढुङ्गाहरुमा माटो पोतेर चुचुरो को आकारमा वनेका हुन्छन् । यसरी तिनै तिर चुचुरो (धार) जस्तो चुल्हो वनाई खान पकाउने ठाउँ भएकोले धारचुला नाम रहेको र धारचुला पछि अपभ्रम्स भई दारचुला र त्यसपछि दार्चुला वन्न गएको हो भन्ने एक थरिको भनाई रहेको छ ।

अर्को किम्वदन्ति अनुसार यहाँ स्थित तिन वटा पहाडका चुचुराहरु वर्तमानमा एक पहाड भारत र दुई वटा पहाड नेपाल मै रहेका छन् । फेदी वाट हेर्दा धार परेको जस्तो स्थानीय चुल्होको आकारमा चुचुरो देखिन्छ । प्राचिन कालमा व्याँस हिमालवाट व्याँस ऋषि तपस्या गरी फर्कदा यी तिन धारहरुको चुल्हो वनाई भात पकाई खाएको हूनाले यो ठाउको नाम धारचूला रहन गएको र धारचूला शव्द अपभ्रम्स भई दार्चुला रहेको हो भन्ने अर्को भनाई रहेको छ । दार्चुला जिल्लाको सिमाना चीनको तिव्वत क्षेत्र सित जोडिएको छ । तिव्वत संग व्यापार गर्ने यहाँको प्रमुख नाकाको रुपमा व्याँस क्षेत्र रहेको छ । व्याँसवाट तिव्वत क्षेत्रमा आवत जावत गर्दा एउटा भन्ज्याङ पार गरी जानुपर्ने हुन्छ । जसलाई तिव्वति भाषामा “ला” भनिन्छ । यो भन्ज्याङ तिव्वत सिंत व्यापार गर्ने द्वार (बाटो) भएकोले द्वार र “ला” शब्दहरु मिलि दार्चुला नाम रहन गएको हो भन्ने पनि अर्को भनाई पाईन्छ।

यस जिल्लाको पूर्वमा वझांग जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड प्रदेशको पिथौरागढ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेका छन् । विश्व मान चित्रमा २९ डिग्री ३६ मिनेट उत्तर देखि ३०डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८०डिग्री २२ मिनेट पूर्व देखि ८१ डिग्री ०९ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ। यस जिल्लाको कुल क्षेत्रफल २३२२ वर्ग कि.मी. छ।समुद्री सतह बाट ५१८ मी. देखि ७१३२ मी. सम्म उचाई रहेकोछ। बार्षिक औषत बर्षा २१२९ मी.मी. रहेको त्यस्तै औषत तापक्रममा न्यूनतम ५.७० से. अधिकतम २८.६० से.रहेको पाईन्छ यस जिल्लाको अग्लो अपी हिमाल, लिपु लेक आदि

जिल्लाको आकर्षणको केन्द्र रहेकाछन्। यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दूहरुको महत्वपूर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रुपमा समेत दार्चुला जिल्ला रहेको छ। यस जिल्लाको सदरमुकाम खलंगा महाकाली नदीको किनारमा भारतको धारचुला सित जोडीएर रहेको छ।

स्थानीय तह पुर्नसंरचना अनुसार दार्चुला जिल्ला एक संसदीय विकास क्षेत्र, २ नगरपालीका (वडा संख्या १८) ७ गाउँपालिका (वडा संख्या ४३) गरी जम्मा ६१ वडहरुमा विभाजित छ।व्यास गाउँपालीका भारत र चीन संग सीमाना जोडिएकोछ त्यस्तै दुहुँ गाउँपालिका, महाकाली नगरपालीका, मालिकार्जुन गाउँपालिका र लेकम गाउँपालिका भारत संग सीमाना जोडिएकोछ ।

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार दार्चुला जिल्लाको कुल जनसंख्या १३३२७४ रहेको छ। जस मध्ये पुरुषको संख्या ६३६०५ रहेको छ भने महिलाको संख्या ६९६६९ रहेको छ, दार्चुला जिल्लामा कुल घरधुरी संख्या २४६१८ रहेको छ साथै दार्चुलाको औसत घरधुरी आकार ५.४१ र जनघनत्व ५७ प्रति वर्ग किमी रहेको छ भने जिल्लाको बार्षिक जनसंख्या बृद्धि दर ०.८८% रहेकोमा लैगिक अनुपात ९१.३ रहेकोछ साथै जिल्लामा २६.९४% घरधुरीमा विधुत सेवा पुगेकोछ, भने ३३.०५% घरधुरीमा सोलार सुविधा रहेकोछ ।दार्चुला जिल्लाको कुल साक्षरता दर ६५.३६ प्रतिशत रहेकोमा महिला साक्षरता दर ५२.६३% पुरुष साक्षरता दर ७९.३७% रहेकोछ भने जिशिका दार्चुलाको २०७२ को विवरण अनुसार पुरुष ९४.६% र महिला ९६.४% गरी जम्मा ९५.४% कुल साक्षरता रहेको छ।

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार दार्चुला जिल्लामा ८२.५६% खानेपानी सुविधा पुगेको देखिन्छ र सरसफाईमा ४६.७७% दार्चुलावासीले मात्र चर्पीको सुविधा प्राप्त गरेका छन् । यसरी हेर्दा राष्ट्रिय सरसफाईको तथ्याङ्क भन्दा भन्दा १५% पछाडि रहेको देखिए पनि दार्चुला जिल्लालाई खुल्ला दिसा मुक्त क्षेत्र तथा सरसफाई क्रियाकलाप कार्यान्वयन गर्न विभिन्न कार्यालय संघ संस्थाको सक्रिय भूमीका रही आउदा आ.ब. २०७४/७५ मा ७७ जिल्ला मध्ये दार्चुला जिल्ला २०७५ बैशाख २५ मा देशको ५२ औ खुल्ला दिशा मुक्त जिल्ला घोषणा भई पूर्ण सरसफाइ तर्फ उन्मुख भएकोछ।

जिल्लाको स्वास्थ्य सम्बन्धि सुविधा अन्तरगत जिल्ला अस्पताल १, प्रा. स्वा. उ. के. १, स्वास्थ्य चौकी ११, महिला स्वयम् सेविका ३६९, उप स्वास्थ्य चौकी २९, मातृशिशु कार्यकर्ता ३६, आयुर्वेद औषधालय ३, तालिम प्राप्त सुडेनी ९०, डट्स उपचार केन्द्र १३ उपचार उप केन्द्र २९ खोप क्लिनिक १४७, गाउँ घर क्लिनीक १४१ बर्थिङ सेन्टर ४ रहेका छन् ।

विकासका सूचाकाङ्कहरुलाई मध्य नजर गर्दा कुल साक्षरता दर, प्रति व्यक्ति आय, औसत उमेर, बाल मृत्यु दर, शिशु मृत्यु दर, जन्म दर, मातृ मृत्यु दर, मृत्यु दर आदि धेरै जसो नकारात्मक रहेका छन् । यस जिल्लाको ९०% भन्दा बढी जनसंख्या कृषिमा आधारित छन् । कृषि क्षेत्रमा नयाँ प्रविधिको विकास हुन नसकेकोले कृषि उत्पादन क्षेत्रमा राम्रो उत्पादन हुन सकेको छैन जसले गर्दा खाद्य सन्तुलन नकारात्मक रहेको छ । भौगोलिक विकटता र विविधता रहेको यस जिल्लाको आर्थिक कृयाकलाप समेत न्यून रहेको छ ।

अतिशित,सितोष्ण, समसितोष्ण, अर्ध उष्ण, लेकाली हावापानी भएको दार्चुला जिल्लाको भू उपयोगको अवस्था बिश्लेषण गर्दा कूल क्षेत्रफल २३२९५९.५ हे. मध्ये खेतियोग्य जमीन ६१२१५ हे., वनको क्षेत्र ७२९८२.३ हे., चरन क्षेत्र २४.९६४ हे., झाडिबुटा ६५५५.२ हे., अन्य ६७२४३ हे. रहेकोछ।

भू-विभाजन अनुसार समथर प्रदेश अन्तरगत महाकाली, चौलानी र अन्य त्यस्तै ठुला खोला नालाहरुको किनारमा अवस्थित भित्री मधेश संग तुलना गर्न सकिने समथर उब्जाउ फाँटहरु समथर प्रदेश अन्तरगत पर्दछन। जिल्लाको प्रमुख अन्न भण्डारको रुपमा चर्चा पाएको यो समथर प्रदेशमा जनसंख्याको चाप जनघनत्व पनि अत्याधिक रहेको छ। साविक उकू, लाली, दत्तू, गोकुलेश्वर, शिखर, देथला आदि गा.वि.स.हरु यस प्रदेशका प्रमुख उदाहरण हुन ।

पहाडी प्रदेश अन्तरगत यस जिल्लाको मध्य भागमा रहेको उच्च समस्थली यस प्रदेश अन्तरगत पर्दछन। समथर भूभागको तुलनामा केही कम उत्पादन हुने भएता पनि अपेक्षाकृत उब्जाउ क्षेत्र नै मानिन्छ। सविक शंकरपुर, भगवती, सर्मोली, रानीशिखर, रिठाचौपाता, ग्वानी, डाडाकोट, हिकिलाआदि गा.वि.स.हरु यस प्रदेशका प्रमुख उदाहरण हुन् ।

लेकाली प्रदेश अन्तरगतप्राकृतिक सौन्दर्यताले सिंगारिएको तर उत्पादनका दृष्टिकोणले कम उर्बरक क्षेत्र लेकाली प्रदेश अन्तरगत पर्दछ । प्रायः हेमन्त ऋतुमा हिमपात हुनु यस प्रदेशको बिशेषता हो। लेकाली प्रदेश अन्तरगत साविक सुन्सेरा, राप्ला, खण्डेश्वरी, घुसा, इयरकोट आदि गा. वि. स.हरु पर्दछन ।

हिमाली प्रदेश अन्तरगत जिल्लाको उत्तर पट्टीको चीनको तिब्बत सित सीमा जोडिएको सामान्यतया बाह्रै महिना हिँउले ढाकिएको क्षेत्रमा उत्पादन मात्रै होइन मानिसहरुको बसोबास समेत नगण्य छ । हिँउदमा तल बेशी सदरमुकाम खलंगा तिर झर्ने र गृष्ममा फर्किने यहा बसोबास गर्ने (सौका) समुदायको प्रमुख विशेषता बोकेको ब्यास गाउँपालिका वडा नं. १ यस प्रदेश हो ज्वलन्त उदाहरण हो । यस जिल्लाको भौगोलिक बनोटमा देखिएको बिबिधता झैं

हावापानी तथा वातावरणमा पनि बिषमता देखिनु अतिसयोक्ति नहोला । तसर्थ दार्चुला जिल्लाको हावापानीलाई विविध तरिकामा बिभाजन गर्न सकिन्छ ।

जिल्लाको पश्चिम दक्षिणमा नदीका समथर बेशीहरुमा उष्ण हावापानी पाईन्छ। ग्रीष्ममा अत्याधिक गर्मी र हिउदमा आंसिक रुपमा चिसो हुनु यस हावापानीको मुख्य बिशेषता हो । खास गरि साविक गोकुलेश्वर, दत्तू, लाली, उकू आदि गा.वि.स.हरु जुन समुद्र सतह देखि करिब ५१८ मी. को उचाईमा रहेका छन् त्यहां यस किसिमको हावापानी पाईन्छ।

समसितोष्ण हावापानी जिल्लाको मध्य भागमा रहेको साविक गा.वि.स.हरुमा यस किसिमको हावापानी पाईन्छ। गृष्ममा त्यती गर्मी र हिँउदमा साह्रै चिसो अनुभुती नहुनु यो हावापानीको मुख्य बिशेषता हो। साविक रिठाचौपाता, शंकरपूर र छापरी आदि यस किसिमको हावापानी पाईने गा.वि.स.हरु हुन भन्न सकिन्छ।

यस जिल्लामा सितोष्ण, सम सितोष्ण, अतिशीत हावापानी यस जिन्लामा ५ किसिमका वनहरु पाईन्छन् जस अनुसार कोणधारी वन, हार्डउड वन, मिश्रित वन, झाडी बुट्यान, अन्य रहेका छन्। यस जिल्लाको वनको कुल क्षेत्रफल ७२९८२.३ हेक्टर रहेको छ। जस मध्ये सामुदायिक वन क्षेत्रले ओगटेको क्षेत्रफल ३७२१.७१हे. उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरी सकिएको छ। आइ.सि.आइ.एम.ओ.डि.१९९७ अनुसार वन जंगलमा आस्रीत घर संख्या २७.५ % रहेको छ। यस जिल्ला भित्र पाइने वनस्पतिहरु मध्ये देवदार,बाज, सल्लो, साल, टुणी, उतीस, सिमल, चिउरी, लालीगुराँस, बाँस, कोइरालो, साज, सानन, धुईयो, मौनेठी, पैंयो, जामुन, जस्ता वनस्पतीका साथै यार्सागुम्बा, पाँचऔले, झयाउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषाणवेद, पदमचाल, दारुहल्दी, तितेपाती, लोठसल्ला, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, सेतक चिनी, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपीपात, तेजपात र रिठ्ठा आदि जडिवुटी समेत रहेका छन् ।

यो जिल्ला पर्यटकीय क्षेत्रमा पनि धनि रहेको छ, यस जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा अपी हिमाल ७१३२ मी.(घुषा), व्यास हिमाल ६७७० मी. (व्यास), नाम्पा ६७५४ मी. (व्यास), महलको भग्नावशेष (उकु), सुरमासरोवर ताल (खण्डेश्वरी), लिपु लेक ५००० मीटर धर्मी गुफा (खण्डेश्वरी), शैल्य शिखर धाम मालीकार्जुन, मालीकार्जुन मन्दिर मालीकार्जुन, हुनैनाथ मन्दिर हुनैनाथ, जयपुर मन्दिर रिठाचौपाता, बन्तोली मन्दिर बोहरीगाँउ, महलको भग्नावशेष देवल, गोकुलेश्वर शिव मन्दिर गोकुलेश्वर लटीनाथ मन्दिर लटीनाथ आदि मन्दिरहरू लगायत ब्रह्मदह सिद्ध टोपी, रानीकोट्टा, तातोपानी आदि तमाम धार्मीक पर्यटकीय स्थलहरु रहेकाछन् ।

# परिच्छेद-२- भूमिका

## २.१ प्रतिवेदनको पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ उपधारा ४ बमाेजिम तीन वटा स्थानीय तह हुने व्यवस्था अनुसार संविधानको धारा २२० ले जिल्ला सभा र जिल्ला समन्वय समितिकोको संरचना तयार गरिएको छ । संविधानको धारा २२० उपधारा ७ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा ९२ मा उल्लेखित काम कर्तव्य र अधिकारहरुको कार्य सम्पादन गर्न जिल्लामा जिल्ला समन्य समिति र जिल्ला समन्वय समितिको कार्यालय रहने व्यवस्था गरिएको छ ।

नेपालको संविधानबाट प्रदत्त काम कर्तव्य र अधिकार अन्तरगत जिल्ला समन्वय समितिले विकास निर्माण तथा क्षमता अभिबृद्धि लागयतका कार्य सम्पादन गर्न संघीय सरकार, प्रदेश सरकार, नगरपालीका, गाउँपालीका तथा अन्य सरकारी कार्यालयहरु बीच समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने प्रकृति रहेकोछ । साथै संघीय सरकार, प्रदेश सरकार, नगरपालीका, गाउँपालीका तथा अन्य सरकारी कार्यालयहरुबाट सम्पादित कार्यहरुको अनुगमन गरी पृष्ठपोषण गर्ने तथा नियमन गर्ने समेत जिल्ला समन्वय समितिको भूमिका रहेकोछ ।

१. नेपालको संविधानको धारा २२० उपधारा ७ अनुसार जिल्ला सभाको काम, कर्तव्य र अधिकार तोकिएको हुँदा जिल्ला समन्वय समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-
   (क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
   (ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
   (ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
   (घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार तोकिएको र ऐन २०७४ दफा ९२ को उपदफा (२) बमोजिम जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नामा हुने व्यवस्था भएकोले जिल्ला समन्वय समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-
   (क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीचको विकास निर्माण बिषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
   (ख) जिल्लाभित्रका सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने त्यस्ता कार्यक्रमको प्रतिफलको सम्बन्धमा क्षेत्र वा समुदायगत बिषय क्षेत्रगत र पर्यावरण संतुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिईएका सुझाव तथा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
   (ग) जिल्लाभित्रका गाँपालीका  तथा नगरपालीकाको क्षमता विकासको लागि प्रदेश तथा संघ संग समन्वय गर्ने,
   (घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउपालीका तथा नगरपालीका बीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाँपालीका र नगरपालीका बीच कुनै विवाद उत्पन्न भएमा सो समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने,
(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपरद व्यवस्थापन सम्बन्धि योजना र कार्यको समन्वय गर्ने,
(छ) जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा संन्तुलन कायम गर्न गैह्रसरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय गर्ने,
(ज) जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा संन्तुलन भए नभएको सम्बन्धिमा अध्ययन, अनुसन्धान, तथा अनुगमन गरी विकास निर्माण सम्बन्धिकार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धि बिषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालीका तथा नगरपालीकालाई सुझाव दिने,
(झ) आफ्नो काम कार्वाहीको सम्बन्धमा मन्त्रलय र स्थानीय तह सम्बन्धि बिषय हेर्ने मन्त्रालय लाईआर्थिक बर्ष समाप्त भएको २ महिना भित्र प्रतिवेदन दिने,
(ञ) जिल्ला भित्रको विकास निर्माण कार्यलाई प्रभावकारी बनाउनको लागि बर्षको एक पटक बार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्ला बाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने ।

सोका अतिरिक्त साबिक जिल्ला विकास समितिका केहि बिकास निर्माण सम्बन्धि क्रियाकलापहरु संचालन गर्न संघीय सरकारबाट जिम्मेवारी दिईएकोछ, उक्त जिम्मेवारी बमोजिम तयार भएको नीति अनुसार बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा नेपाल सरकार वा दातृ निकायबाट प्राप्त निर्देशन अनुसार कार्यान्वयन गर्दा कार्यक्रम तर्जुमा गर्दा लिईएको लक्ष्य प्राप्ति भएको वा नभएको, उपलब्धि भए नभएको विवरण स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम ६० उप नियम (१) खण्ड (क, व) प्रावधान अनुरुप जिसस भित्रबाट कार्यान्वयनमा रहेका प्रत्येक क्रियाकलापहरुको प्रत्येक आर्थिक वर्षमा मासिक चौमासिक र बार्षिक प्रगति प्रतिवेदनहरु तयार गरी सम्बन्धित निकायमा पेश गर्नु पर्ने व्यवस्था रहे अनुरुप आर्थिक वर्ष २०७४/७५ को अवधिमा जि.स.स.दार्चुला अन्तरगत कार्यान्वयनमा रहेका विकासका क्रियाकलापहरुको छुट्टा छुट्टै तयार गरिएका लक्ष्य प्रगतिको समष्ठीगत प्रतिवेदन समेत तयार गरी सम्बन्धित निकायमा पेश गर्न जिससको समष्ठीगत प्रतिवेदन तयार प्रतिवेदन तयार गरिएको छ ।

जिल्ला सभा तथा जिल्ला समन्वय समिति दार्चुलाको निर्देशनमा रहि जिल्ला समन्वय समितिको कार्यालयबाट कार्यान्वयनमा रहेका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न कर्मचारीहरुको बैठक ३ पटक, जिल्ला समन्वय समिति दार्चुला अन्तरगत रहेको बेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्ध गठीत कार्यदलको बैठक ४ पटक बसी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ साथै जिल्ला समन्वय समितिको बैठक १२ वटा बैठक बसी कार्य सम्पादन प्रभावकारी बनाउने व्यवस्था मिलाईएकोछ ।

जि.स.स.अन्तरगतका विभिन्न क्रियाकलापहरुको पारदर्शिताको लागि सुचना प्रवाह गर्न सुचना तथा अभिलेख केन्द्रको व्यवस्थापन गरिएकोछ । जिससको Website तयार गरी अध्यावधिक गर्ने कार्य गरिएकोछ, GIS Software बाट तथ्यांक अध्यावधिक गर्ने पक्रिया शुरु गरिएको छ, Oricle Software (DDCFAMP) को माध्यमबाट कम्प्युटराईज्ड लेखा प्रणाली व्यवस्थापन गरिएकोछ । जिल्ला समन्वय समिति दार्चुला तथा अन्तगरगतका कार्यक्रमहरुमा पेश्की बरुजुको फछ्र्यौट गर्ने प्रक्रियालाई दुरुस्त बनाईएको छ ।

आ. ब. २०७४/७५ मा जिल्ला समन्वय समिति अन्तर ग्रामीण सामुदायिक पुर्वाधार विकास कार्यक्रम (RCIW), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), दुर्गम क्षेत्र विकास समितिको कार्यक्रम, गरीब संग विश्वेश्वर कार्यक्रम, भारतीय राजदुतावास अन्तरगतको कार्यक्रमहरु लगायत अन्य विकास निर्माणका तथा आयआर्जनका क्रियाकलापहरु कार्यान्वयन गरी निर्धारित लक्ष अनुसार प्रगति हासिल भएको छ, ।

सरसफाई तथा खुल्ला दिसा मुक्त अभियान अन्तरगत दार्चुला जिल्लाका देशका ७७ जिल्ला जिल्ला मध्ये ५२ औ जिल्ला खुला दिसा मुक्त जिल्लाको रुपमा ODF जिल्ला घोषणा भएकोछ ।

# २.२ जिससको क्षमता अभिबृद्धि सम्बन्धि क्रियाकलाप

## २.२.१ रणनितिक व्यवस्थापन

साविक जि.वि.स.दार्चुलाको मौजुदा संगठनात्मक ढाँचा तपसील बमोजिमका रहेकोछ

१. स्थानिय विकास अधिकारी १ जना,

२. योजना तथा प्रशासकिय अधिकृत १ जना, रिक्त

३. कार्यक्रम अधिकृत ३ जना,

४. सहायक स्तर पांचौ तहमा (लेखापाल २, प्रशासनिकमा २ र ओभरसियर १) ५जना,

५. सहायक स्तर चौथो तहमा (प्राबिधिक ३, अन्य ८) ११ जना,

६. तृतिय तहमा २ जना

७. पियन ८ जना

८. सवारी चालक १ जना गरी कुल ३२ जना

आयोजना तथा परियोजन र कार्यक्रम अन्तरगतका कर्मचारीहरु यसमा समावेश गरिएको छैन ।

नेपालको संविधान बमोजिम गठीत स्थानीय तहको संरचाना अनुसार जिससको परिमार्जित संगठनात्मक ढाँचा तथा जिल्ला समन्वय समितिको संरचना देहाय बमोजिम रहेकोछ ।

## जिल्ला समन्वय समितिको संगठनात्मक संरचना



## २.२.२ क्षमता विकास योजना (मानवीय संसाधन विकास)

हाल स्थापित स्थानीय तह तथा जिल्ला समन्वय समितिको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले क्षमता विकास सम्बन्धि देहाय बमोजिम बिभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् ।

क) नवगठीत स्थानीय तहहरुका पदाधिकारीहरुको क्षमता अभिबृद्धि अभिमुखिकरण तालीम,

ख) स्थानीय तहको क्षमाता विकास क्रियाकलाप संचालन (नेपाल सरकार र दातृ निकायको संयुक्त बजेट बाट)

१) न्यायीक समितिको कार्य सम्पादन सहजीकरण तालीम १ वटा
२) योजना तथा बजेट तर्जुमा सम्बन्धि तालीम १ वटा
३) आर्थिक तथा खरिद व्यवस्थापन सम्बन्धि तालीम १ वटा
४) एकिकृत सम्पत्ति कर सम्बन्धि तालीम १ वटा
५) स्थानीय सरकार संचालन सम्बन्धि तालीम ९ वटा (नौ वटै स्थानीय तहमा)

## २.२.३ गुनासो अभिलेख व्यवस्थापन

- जिल्ला समन्वय समिति अन्तरगत कार्यान्वयनमा रहेको कार्यक्रम तथा क्रियाकलाप वा अन्य बिषय संग सम्बन्धित जिससमा प्राप्त हुने गुनासो तथा उजुरी उपर सुनवाई गर्न जिससको कार्यक्रम अधिकृतलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ र सोहि अनुसार गुनासो सम्बन्धि अभिलेख व्यवस्थाप गर्ने व्यवस्था मिलाईएकोछ,
- जिल्ला समन्वय समितिमा जिल्ला भित्रबाट प्राप्त हुने गुनासो र अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त हुने गुनासो र उजुरीहरुको सम्बन्धमा अध्ययन गरी प्रतिक्रिया दिने व्यवस्था मिलाईएको छ,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त हुने गुनासो र उजुरीहरुको प्रतिक्रिया व्यवस्थापनको लागि गुनासो अधिकारीको व्यवस्था गरिएकोछ,
- आ.ब. ०७४/७५ मा मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट १५ वटा वटा गुनासो प्राप्त भई १५ वटा उजुरीहरुको प्रतिक्रिया पठाईएकोछ,
- गुनासो पेटीका व्यवस्थित गरिएकोछ प्रत्येक महिना खोल्ने वयवस्था मिलाईएकोछ तर उजुरी पेटीका खोल्दा कुनै उजुरी भेट्टीको छैन ।

## २.२.४ सुचना अभिलेख केन्द्र तथा बैठक व्यवस्थापन

जिल्ला समन्वय समितिको कार्यालयमा एक जना कार्यक्रम अधिकृतलाई सूचाना अधिकारी तोकी कार्यान्वयन गरिएकोछ साथै सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन गरिएकोछ उक्त सूचना तथा अभिलेख केन्द्रलाई तपसील बमोजिम व्यवस्थापन गरिएकोछ ।

- साविक जिल्ला विकास समिति मार्फत प्रकाशन गरिएको सम्पुर्ण दस्तावेज व्यवस्थापन गरिएकोछ,
- विभन्न निकाय, मन्त्रालय, विभाग जिल्लाबाट प्राप्त भएका प्रकाशन तथा प्रतिवेदनहरु

- सावික जिल्ला विकास समिति तथा हाल जिल्ला समन्वय समितिका आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रतिवेदनहरु
- मासिक प्रगति प्रतिवेदनहरु, चौमासिक प्रगति प्रतिवेदनहरु, अर्ध बार्षिक प्रगति प्रतिवेदनहरु, बार्षिक प्रगति प्रतिवेदनहरु, बार्षिक प्रगति समीक्षा प्रतिवेदनहरु
- विभिन्न ऐन तथा नियमावली र कार्यविधिहरुको संग्रह,
- पुस्तक तथा दस्तावेजहरु,
- सूचनाको हक सम्बन्धि ऐन सम्बन्धि क्रियाकलापहरुको व्यवस्थापन,
- विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक प्रत्रिकाहरुको संग्रह लगायत अन्य दस्तावेजहरुको संकलन तथा भण्डारण सहित सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन गरिएकोछ,
- दार्चुला जिल्ला लगायत विभिन्न जिल्लाबाट प्राप्त आवधिक जिल्ला विकास योजनाहरुको अभिलेख व्यवस्थापन गरिएकोछ,
- जिल्ला विकास समिति दार्चुलाको website नियमित अध्यावधिक गरिएकोछ,
- जिल्ला परिषदबाट स्वीकृत भएका सम्पुर्ण नीति, रणनीति तथा कार्य विधिहरु जिल्लाको website मा अभिलेखिकृत गरिएकोछ,
- जिससको प्राप्त मलेप प्रतिवेदन लगायत अन्य प्रतिवेदनहरु सूचना तथा अभिलेख केन्दमा व्यवस्थापन गर्नुको साथै Website मा समेत अभिलेखिकृत गरिएका छन्,
- GIS प्रणालीलाई अध्यावधिक गर्ने कार्य निरन्तर भएकोछ तर दक्ष जन शक्तिको अभावमा नियमित हुन सकेको छैन्
- जिल्ला पार्श्व चित्र गाउँपाश्व चित्र तथा जिल्ला अन्तरगतका विभिन्न कर्यालयहरुबाट प्राप्त प्रतिवेदनहरु संकलन गरी राखिएकोछ ।

## २.२.५ लेखा तथा आर्थिक व्यावस्थापन

- जिल्ला विकास कोष DDF (ग-४ समुहको) खाता पूर्ण रुपमा कार्यन्वयन गरिएको छ ।
- लेखा प्याकेजको Oricle Software (DDCFAMP) अनुसार लेखा व्यवस्थापन गरिएको छ ।
- जि.स.स.ले गर्ने लेखाका सबै कार्य कम्प्यूटर मार्फत गर्ने व्यवस्था मिलाईएकोछ । तर पूर्ण रुपमा अझै कम्प्यूटर प्रणालीबाट नै सबै कार्य हुन सकेको छैन ।
- देश संघीय प्रणालीमा गए पश्चात जिल्ला समन्वय समितिको अधिकार क्षेत्र भित्र आन्तरिक आय संकलन गर्ने नरहे पनि संक्रमण्म कालीन अवस्थामा आन्तरिक आय संकलन गरिएकोछ तर आन्तरिक आयबाट खर्च लेख्ने व्यवस्था रहेको छैन,
- जिसस अन्तरगत रहेको बेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्ध गठीत कार्यदलको बैठक …….. पटक बसी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्रिया संचालन गरिएको छ

- गत बिगत देखि जिसस अन्तरगत रहेको कुल पेश्की बेरुजु नियमित गर्ने तथा फछ्यौट गर्ने प्रक्रियालाई निरन्तरता दिईएकोछ छ ।

## २.२.६ योजना अभिलेख व्यवस्थापन तथा कार्यक्रमहरु

- जिल्ला समन्वय समितिमा प्राप्त अख्तियारीहरु कार्यान्वयन गर्न जिल्ला प्राविधिक कार्यालयलाई जिम्मेवारी दिई कार्यान्वयव गर्ने व्यवस्था मिलाईएकोछ साथै अनुगमन तथा मुल्यांकनको कार्य जिल्ला समन्वय समिति मार्फत गरिएकोछ,
- जिल्ला समन्वय समिति मार्फत आ.ब. २०७४।७५ मा विभिन्न दातृ निकाय र नेपाल सरकारबाट प्राप्त अनुदानबाट देहाय बमोजिम मुख्य कार्यकमहरु कार्यान्वयनमा रहेकाछन् ।
    - ✓ ग्रामीण सामुदायिक पुर्वाधार विकास कार्यकम (RCIW) चालु मात्र
    - ✓ स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम (LGCDP)
    - ✓ भारतीय राजदुतावास बाट प्राप्त अनुदान क्रियाकलापहरु
    - ✓ गरिब संग विश्वेशवर कार्यकम
    - ✓ दुर्गम क्षेत्र विकास समितिकोकार्यकम
    - ✓ राष्ट्रिय सव्यम सेवक कार्यकम

उपरोक्त कार्यकम बाहेक अन्य कार्यकाहरु सम्बन्धित स्थानीय तह र जिल्ला प्राविधिक कार्यालय मार्फत संचालन तथा कार्यान्वयनमा रहेका छन् ।

## २.२.७ सम्पादन गरेको कामको विवरण

- कार्यालयको दैनिक प्रशासनीक काम काजहरुको निरन्तर,
- मासिक, चौमासिक, अर्ध बार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन,
- सूचनाको हक सम्बन्धि प्रतिवेदन सार्वजनिकीकरण,
- जिन्सी निरीक्षण तथा निरीक्षण प्रतिवेदन अनुसार लिलाम प्रक्रिया सम्पन्न
- जिल्ला समन्वय समितिको बैठक प्रति महिना एक पटक
- जिल्ला सभा सम्पन्न
- जिल्ला समन्वय समिति संचालन र जिल्ला सभा संचालन सम्बन्धि कार्यविधि तयार
- बहुयात्रा अनुमति पत्र सिफारिस
- धरौटी फिर्ता
- अख्तियार दुरुपयोग अनुसंधान आयोगबाट प्राप्त उजुरी उपर प्रतिक्रिया
- न्यायीक समिति सम्बन्धि तालीम
- योजना तर्जुमा सम्बन्धि तालीम
- स्थानीय सरकार संचालन सम्बन्धि तालीम
- खरिद योजना सम्बन्धि तालीम
- एकिकृत सम्पत्ति कर सम्बन्धि तालीम

- कर्मचारी व्यवस्थापन सम्बन्धि क्रियाकलाप
- स्थानीय तहमा सरकार सम्पत्ति हस्तान्तरण तथा स्थानान्तरण सम्बन्धि क्रियाकलाप
- घ वर्ग ईजाजत पत्र नवीकरण
- घ वर्ग ईजाजत पत्र दर्ता
- गैसस नवीकरण सिफारिस
- विभिन्न स्थानीय तहहरु, सरकारी तथा गैससहरुको अनुगमन, मुल्यांकन तथा समन्वय गरी पोष्ठपोषण गर्ने,
- विभिन्न स्थानीय तहहरुमा भएका विवादहरु समाधान तथा पृष्ठपोषण गर्ने
- तोकिएका अन्य कार्यहरु

## २.२.८ तोकिएका अन्य कार्यहरु

- यस आ.ब.मा अख्तियर दुरुपयोग अनुसन्धान आयोग तथा सतर्कता केन्द्रबाट अख्तियर दुरुपयोग सम्बन्धि १५ वटा पत्रहरु प्राप्त भई उक्त उजुरीहरुको प्रतिक्रिया पठाईएको छ ।
- यस आ.ब.मा ९६ वटा घ वर्गको ईजाजत पत्रहरु नवीकरण गरिएका छन् ।
- यस आ.ब.मा ४ वटा नयाँ घ वर्गको ईजाजत पत्र दर्ता गरिएकोछ
- यस आ.ब.मा ३१ वटा गैससहरु नवीकरण सिफारिस गरिएको छ
- यस आ.ब.मा ९८९ वटा बहुयात्रा अनुमति पत्र अनुसुचि क सिफारिस गरिएको छ ।

# परिच्छेद -३- प्रगति विवरण

## ३.१ जिसस र अर्न्तगत संचालित विभिन्न कार्यक्रमहरुको एकिकृत प्रगति विवरण

बजेट रु.हजारमा

| क.सं. | कार्यक्रमको नाम | कुल बार्षिक बजेट | | | कुल खर्च | | | कुल फ्रिज | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा | चालु | पुजीगत | जम्मा |
| १ | जिविस अनुदान | २६१०९ | १८०० | २७९०९ | २३९८३।८ | ५९५।१७ | २४५७८।९५ | २१२५ | १२०४।८ | ३३३०।०५ |
| २ | राष्ट्रिय स्वयम सेवक सेवा संस्थागत विकास | ३७० | ० | ३७० | १६३ | ० | १६३ | २०७ | ० | २०७ |
| ३ | ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम | २४५० | | २४५० | २३४९।३२ | | २३४९।३१६ | १००।७ | ० | १००।६८४ |
| ४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ६३७२ | | ६३७२ | ५८७२।८१ | | ५८७२।८०९ | ४९९।२ | ० | ४९९।१९१ |
| ५ | गरिव संग विशेश्वर कार्यक्रम | ४६९ | | ४६९ | ४६७।४५ | | ४६७।४५ | १।५५ | ० | १।५५ |
| ६ | दुर्गम क्षेत्र विकास कार्यक्रम | १६२० | | १६२० | १६१९।१६ | | १६१९।१६२ | ०।८३८ | ० | ०।८३८ |
| ७ | स्थानीय विकास कोष | २११०।३ | | २११०।३ | | | ० | | ० | ० |
| ८ | औषधि उपचार | ५२१।५२ | | ५२१।५२ | ५२१।५१७ | | ५२१।५१७ | ० | ० | ० |
| ९ | संचित विदा | ४०५।८२ | | ४०५।८२ | ४०५।८२ | | ४०५।८२ | ० | ० | ० |
| १० | भारतीय राजदुतावास | | १५५५५ | १५५५५ | | १२२६४ | १२२६४ | ० | | |
| | | | | ० | | | ० | ० | ० | ० |
| जम्मा | | ४०४२८ | १७३५५ | ५७७८३ | ३५३८२।२ | १२८५४।२ | ४८२४२।०३ | २९३४ | १२०४।८ | ४१३९।३१ |

## ३.२ आन्तरिक आय तर्फराजश्व बाँडफाड सहितको प्रगति

आन्तरिक आय तर्फ राजश्व बाँडफाड सहितको प्रगति देहाय बमोजिम रहेको छ तर स्थानीय तह पुर्न संरचना पश्चात आन्तरिक आम्दानी खर्च गर्ने अख्तियारी जिल्ला समन्वय समितिहरुलाई नभएका कारण जिल्ला समन्वय समितिको खातामा मौज्दात रहेकोछ ।

| कंसं. | आय शिर्षकहरु | रकम रु. | कैफियत |
|---|---|---|---|
| क) | कर राजश्व | ० | |
| १ | स्थानीय उपयोग कर | ७००००० | |
| २ | वनजन्य स्थानीय कर | ६०० | |
| ३ | निर्माण व्यवसायी कर | ३०४००० | |
| ४ | माछामार्ने कर | ० | |
| ५ | अन्य (निकासी कर) | ४३४०४.४४ | |
| | जम्मा | १०४८००४.४४ | |
| ख) | गैरकर राजश्व | ० | |
| १ | सेवाशुल्क ( हल भाडा समेत) | ९००० | |
| २ | परिचय पत्र सिफारिस दस्तुर | ४७२०० | |
| ३ | सिफारिस दस्तुर संस्थागत | ५४५०० | |
| ४ | टेण्डर फारम बिक्री | ० | |
| ५ | लिलाम बिक्री | ६८५०० | |
| ६ | रजिष्ट्रेशन फारम विक्री | ० | |
| ७ | दण्डजरीवाना | ० | |
| ८ | धरौटी जफत | ० | |
| ९ | अन्य विविध | २६०८० | |
| जम्मा | | २०५२८० | |
| ग) | राजश्वबाँडफाँडबाट आय | ० | |
| १ | रजिष्ट्रेशन दस्तुर (घर जग्गा) | ४४७८८२ | |
| २ | पर्यटन प्रवेश शुल्क | ० | |
| ३ | जलविद्युत रोयल्टी | ० | |
| ४ | खानी रोयल्टी | ० | |
| ५ | पर्वतारोहण रोयल्टी | ० | |
| ६ | गाविसबाट मालपोत बाफत प्राप्त | ० | |
| ७ | वन क्षेत्रबाट रोयल्टी | ० | |
| ८ | | ० | |
| ९ | | ० | |
| | जम्मा | ४४७८८२ | |
| **कुल जम्मा (क+ख+ग)** | | **१७०११६६.४** | |

# परिच्छेद (४) विविध

## ४.१ अनुगमन सुपरिवेक्षण

जिल्ला भित्र रहेका सरकारी कार्यालय, स्थानीय तहहरु मार्फत संचालीत क्रियाकलाप, जिल्ला प्राविधिक कार्यालय र गैसस अन्तरगत संचालीत आयोजना तथा कार्यक्रमहरुको जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, जिजस सदस्यहरु, जिल्ला समन्वय अधिकारी कार्यक्रम अधिकृत लेखा अधिकृत लगायतकाका अन्य कर्मचारीबाट अनुगमन निरन्तर गरिएको थियो साथै बिभिन्न सामुदायिक संस्था, उपभोक्ता समितिका पदाधिकारीहरु संग समेत बिभिन्न बिषयमा र सेवा ग्राहीहरु संग छलफल समेत गरिएको थियो । अनुगमन कार्य लाई प्रभावकारी बनाउन जिल्ला सभाबाट जिल्ला स्तरीय अनुगमन तथा समन्वय कार्यविधि २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएककोछ ।

## ४.२ स्थानीय विकास कोष

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त सामाजिक परिचालन अनुदान तथा गरीब संग विश्वेश्वर कार्यक्रमका साथै कारोबारीय प्रणाली अन्तरगतको सामाजिक परिचालनको क्रियाकलाप र गरीब संग विश्वेश्वर कार्यक्रम समेत कार्यान्वयन गर्दै आएको छ । उपरोक्त कार्यक्रमहरुको बिस्तृत प्रतिवेदन अनुसुचिमा संलग्न रहेकोछ ।

## ४.३ समन्वय र सम्बन्ध

कार्यक्रमहरुमा कार्यन्वयनमा दोहोरोपना नआओस भन्ने उद्देश्य अनुसार बिषयगत कार्यालय तथा गै.स.स.हरु, दातृ निकायहरु साथै सरोकारवाला सबै पक्ष बिच समन्वय गरी सम्पुर्ण क्रियाकलाप संचालन गर्ने प्रक्रियाको थालनी गरिएकोछ ।

## ४.४ उल्लेख्य कार्यहरु

जिल्ला समन्वय समिति मार्फत संचालीत क्रियाकलापहरुको उल्लेख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- जिल्ला सभा सम्पन्न गर्न सफल भईएकोछ,
- जिल्ला सभाबाट जिल्ला सभा तथा जिल्ला समन्वय समितिको बैठक संचालन कार्यविधि २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएकोछ,
- जिल्ला अनुगमन तथा समन्वय कार्यविधि २०७५ जिल्ला सभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएकोछ,
- सबै स्थानीय तह तथा सरकारी गैससहरुका कार्यक्रमहरुको अनुगमन गरी पृष्ठपोषण गरिएकोछ,
- विभिन्न स्थानीय तहहरुमा हुने गरेका विवादका क्रियाकलाहरुको विवाद समाधान गरिएकोछ ।

## ४.५ समस्या र चुनौतीहरु :

जिल्ला समन्वय समिति मार्फत कार्य सम्पादनमा देखिएका मुख्य चुनौति तथा समस्याहरु देहाय बमोजिम रहेकोछ ।

- जिल्ला भित्र कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्न कार्यविधि २०७५ स्वीकृत भई कार्यन्वयनमा अएको अवस्थामा पनि भौगौलिक विकटता तथा आर्थिक व्यवस्थापनका कारण अनुगमन तथा सुपरिवेक्षण गर्न कठीनाई रहेकोछ,
- जिल्ला समन्वय समितिको आर्थिक स्रोत न्यन रहेकोले नियमित अनुगमन तथा मुल्यांकन गर्न कठीनाई रहेको देखिन्छ ।

# अनुसुचि १ एकिकृत प्रतिवेदन